अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७५।०३।१५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालय ताहाचलमा कार्यरत हलुका सवारी चालक दामोदर रेग्मीले सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.६,०००।-(छ हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.६,०००।-(छ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता